आज मिति २०७७ साल मंसिर २२ गते सोमवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा.अध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| का.वा.अध्यक्ष वडा नं.७ | श्री पम्फा वाग्ले | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | |

प्रस्तावहरु

प्रस्ताव नं.१: विशेष नगर सभा आव्हान सम्बन्धमा ।
प्रस्ताव नं.२: सार्वजनिक निजी साझेदारी सम्बन्धी विधेयक २०७७ को मस्यौदा सम्बन्धमा ।
प्रस्ताव नं.३: सरसफाई व्यवस्थापन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ सम्बन्धमा ।
प्रस्ताव नं.४: फोहोर मैला सम्बन्धी प्रस्ताव अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.५: सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.६: सवारी साधन खरिद सम्बन्धमा ।
प्रस्ताव नं.७: अस्पताल नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.८: उद्यम विकास सहजकर्ता नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.९: मल वितरण केन्द्र अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१०: लघु उद्यम विकास कार्यक्रमको रकम खर्च सम्बन्धमा ।
प्रस्ताव नं.११: अत्यावश्यक प्रकृतिका योजना तथा कार्यक्रममा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१२: निर्माण/खरिद कार्यको बोलपत्र/दरभाउपत्र ठेक्का स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१३: लागत सहभागिता सम्बन्धमा ।
प्रस्ताव नं.१४: पसल कवल भाडाको सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं.१५: भवन संस्कृतन समूहको भवनमा रिटेनिङवाल निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१६: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१७: रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं.१८: वारम्भिक वातावरणीय अध्ययन सम्बन्धमा ।
प्रस्ताव नं.१९: समवेदना सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा केही विधेयक र करको दरमा हेरफेर सम्बन्धी प्रस्ताव पारित गर्नका लागि आगामी २०७७ साल पौष ७ गते दिनको १.०० बजे व्यास नगरपालिका कार्यालयको सभा हलमा विशेष नगर सभा आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका सार्वजनिक निजी साझेदारी सम्बन्धी विधेयक २०७७ को मस्यौदा उपर दफावार छलफल गरी पारितका लागि आगामी विशेष नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका सरसफाई व्यवस्थापन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका फोहोर मैला व्यवस्थापन सम्बन्धी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित रु.२३,७२,५००। (तेइस लाख बहत्तर हजार पाँच सय) प्रस्ताव विभागमा पेश गरिएकोमा सो अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी गरिएको सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ लाई कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको शिक्षा, कृषि, पर्यटन र विकास निर्माणको कामलाई अझ बढी गुणस्तरीय बनाउन सम्बन्धित शाखा समेतबाट अनुगमन गर्ने कार्यलाई तिब्रताका साथ गर्नुपर्ने भएकोले थप एक सवारी साधन प्रचलित ऐन नियम अनुसार खरिद गर्न खरिद प्रक्रिया अगाडि बढाउने कार्यका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ स्थित समाधान अस्पताल प्रा.लि. र व्यास नगरपालका वडा नं.४ स्थित रत्नहरी मेमोरियल अस्पताल प्रा.लि. ले अस्पताल नवीकरणको लागि यस कार्यालयमा निवेदन दिई स्वास्थ्य तथा जनसंख्या शाखा समेतका अनुगमन समितिबाट अनुगमन भई १ वर्षको नवीकरण म्याद थप सम्बन्धी प्रस्ताव पेश गरेको हुँदा रत्नहरी अस्पताल व्यास ४ र समाधान अस्पताल व्यास २ लाई आ.व. २०७७०७८ का लागि नवीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालनका लागि उद्यम विकास सहजकर्ता करार पदको खुल्ला प्रतिष्पर्धाद्वारा छनौट भएका देहाय बमोजिमका उम्मेदवारहरुलाई सहायकस्तर चौथो सरह नियुक्ति दिने निर्णय गरियो ।

| रो.नं. | उम्मेदवारको नाम थर | बाबुको नाम थर | आमाको नाम थर | स्थायी ठेगाना |
|---|---|---|---|---|
| १ | सुस्मिता थापा मगर | पदमबहादुर थापा | | मलरानी ३, सुर्खेत |
| २ | भिमाकुमारी खत्री | बलबहादुर खत्री | नानीसरा खत्री | मगरागढी ८, बर्दिया |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ बमोजिम उपप्रमुखज्यूको अध्यक्षतामा रहेको समितिले अनुदानको मल बिक्रेताको रुपमा छनौट गरेको देहाय बमोजिमका सहकारी संस्था/फर्म वा कम्पनी र तोकिएको मल वितरण केन्द्रहरु अनुमोदन गर्ने निर्णय गरियो । साथै उपयुक्त स्थानमा थप बिक्रीकेन्द्र माग भई आएमा समितिबाट सिफारिस आएपछि थप गर्ने गरी निर्णय गरियो ।

| सि.नं. | सहकारी संस्था, फर्म वा कम्पनी | ठेगाना |
|---|---|---|
| १. | श्री युगवोध कृषि सहकारी संस्था लि. | व्यास ५, रानीटारी |
| २. | श्री अन्नपूर्ण कृषि सहकारी संस्था | व्यास ६, बाह्रविसे अम्रेनी |
| ३. | श्री सूर्यमुखी कृषि सहकारी संस्था लि. | व्यास ४, भोर्लेटारचोक |
| ४. | श्री नविन उपभोक्ता सहकारी संस्था लि. | व्यास ३, दमौली |
| ५. | श्री नमूना कृषि सहकारी संस्था लि. | व्यास १०, दुम्सीबजार |
| ६. | श्री वर्लाची कृषि उत्पादक सहकारी संस्था लि. | व्यास ८, तनहुँ |
| ७. | श्री जनकल्याण सहकारी संस्था लि. | व्यास २, दमौली |
| ८. | श्री न्यू अभियान कृषि उत्पादक सहकारी संस्था लि. | व्यास ६, शिशाघाट |
| ९. | श्री सुनौलो नयाँ गोरेटो कृषि सहकारी संस्था लि. | व्यास ९, गजौडे |
| १०. | श्री सूर्यमुखी कृषि सहकारी संस्था लि. | व्यास ११, वडा कार्यालय क्षेत्र |
| ११. | श्री मातृभूमि कृषि सहकारी संस्था लि. | व्यास ५, पतेनी |
| १२. | श्री सुनगंगा सहकारी संस्था लि. | व्यास ७, कलेस्ती |
| १३. | श्री मेलमिलाप कृषि सहकारी संस्था लि. | व्यास २, दमौली |
| १४. | श्री तनहुँ विज भण्डार | व्यास २, दमौली |
| १५. | श्री सत्यसद्भाव एग्रोभेट | व्यास १२, छिर्कने |
| १६. | श्री केशवटार कृषि सहकारी संस्था लि. | व्यास १४, केशवटार |

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा स्थानीय तह अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा यस नगरपालिकालाई प्राप्त हुन आएको रकम रु.३३,००,०००। (तेत्तीस लाख) कार्यक्रम सञ्चालन निर्देशिका २०७७ अनुसार खर्च गर्न कार्यालयलाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रम तथा योजनाहरुमा निम्न शीर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | सरस्वती आधारभूत विद्यालय टेवा पर्खाल निर्माण | ९ | १२०,०००। | १४२ |
| २. | उज्यालो कृषि सडक निर्माण (वडामा थप) | १० | २०,०००। | १२७ |
| ३. | निराजन कृषि तथा पशु फर्म पाइप र मोटर खरिद समेत | १० | १५,०००। | १२२ |
| ४. | लिला लामा -शौचालय निर्माण | १० | २०,०००। | ७५ |
| ५. | पदमबहादुर प्रजा -शौचालय निर्माण | १० | २०,०००। | ७५ |

| | | | | |
|---|---|---|---|---|
| ६. | छाब्दी खोलाको पुलदेखि पोखरी भन्ज्याङ सिंढी बाटो नि. | १३ | ५०,०००। | १२७ |
| ७. | चापाघाटमा व्याड्मिन्टन कोर्ट निर्माण | ५ | ४०,०००। | ३९ |
| ८. | सिद्धवेनी आधारभूत विद्यालय खानेपानी व्यवस्थापन | १३ | ५०,०००। | १२२ |
| ९. | बच्याङदी खोल्सी इनार निर्माण | १३ | १००,०००। | १२२ |
| १०. | रिजाल कृषि फर्म पाइप खरिद | १० | २०,०००। | १२२ |
| ११. | सुनिता न्यौपाने -घर संरक्षण | ६ | १०,०००। | विपद् |
| १२. | घाँसीकुवा स्वास्थ्यचौकी कर्लुङ मर्मत | १२ | २००,०००। | ७९ |
| १३. | सर्वज्योति मा.वि. कार्यालय व्यवस्थापन | १० | १००,०००। | १४२ |
| १४. | गजुरे स्वास्थ्यचौकी खानेपानी टंकी र कम्पाउण्ड घेरावार सरसफाई | ९ | ९०,०००। | १२२ |
| १५. | केशवटार मा.वि. कार्यालय व्यवस्थापन (फर्निचर) | १४ | ६०,०००। | १४२ |
| १६. | सिताराम भण्डारी -पराल आगलागी क्षतिपूर्ति | ७ | ७,०००। | विपद |
| १७. | रनसिं नेपाली -घर संरक्षण | ११ | १०,०००। | विपद |
| १८. | दमौली यूनेस्को क्लब गण्डकी प्रदेश प्रशिक्षण सहयोग | | ३०,०००। | ७२ |
| १९. | तीन दाजुभाई बंगुर फार्म घेरावार निर्माण | १४ | ४०,०००। | १२७ |
| २०. | वेदव्यास फेब्रिका- पुस्तक छपाई समेत (रोट्रक्ट क्लब) | | २०,०००। | १२७ |
| २१. | जनजागृति गंगा मा.वि. भौतिक सुधार | १३ | ४००,०००। | ६२० |
| २२. | वडा कार्यालयका लागि घर भाडा | ६ | २४,०००। | ९४ |
| २३. | जमुना राना -शौचालय निर्माण | १० | २०,०००। | ७५ |
| २४. | नौविसे टारी कुलो बाँध निर्माण | ७ | १८०,०००। | १२२ |
| २५. | जनता आधारभूत विद्यालय खेलकूद व्यवस्थापन | १० | ६०,०००। | ३९ |
| २६. | तनहुँ नेत्र हिन संघ कार्यक्रम | | १५०,०००। | ४० |
| २७. | अपांग महिला सशक्तिकरण समाज तनहुँ | | १५०,०००। | ४० |
| २८. | रिसेड कार्यक्रम सञ्चालन | | २५०,०००। | ४० |
| २९. | मालपोत कार्यालय मर्मत सहयोग | | २,९७,०००। | १२७ |
| ३०. | वेलाउते कुलो बाँध निर्माण | ११ | ५०,०००। | १२२ |
| ३१. | रामथुम्की दुरा सामुदायिक भवन निर्माण | ११ | ५००,०००। | ६५ |
| ३२. | तल्लो विस कुलो बाँध निर्माण मर्मत | ११ | १००,०००। | १२२ |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा सञ्चालन हुने गरी विभिन्न निर्माण कार्यको लागि प्रकाशित बोलपत्र/दरभाउपत्र सम्बन्धी सूचना अनुसार कार्यालयमा दर्ता हुन आएका विभिन्न फर्मका बोलपत्रहरु/दरभाउपत्रहरु मध्ये तपशिलमा उल्लेखित फर्मका बोलपत्र/दरभाउपत्र स्वीकृतको लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले मूल्यांकन समितिको सिफारिस बमोजिम ठेक्का स्वीकृत गरी निर्माण/खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिल

| सि. नं | योजनाको नाम | ठेक्का नं. | फर्मको नाम | कबोल रकम (मु.अ.कर र कन्टिजेन्सी वाहेक) रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | सत्यवती मा.वि. भवन निर्माण | २/MUN /२०७७।०७८ | अकलादेवी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. शुक्लागण्डकी | १,१४,३७,७४२।१५ | बोलपत्र |
| २. | निर्मल मा.वि. लाईब्रेरी भवन निर्माण | १०/MUN /२०७७।०७८ | विश्वरुप निर्माण सेवा ललितपुर | १,०३,३७,१८४।७० | बोलपत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | सेती नदीको ढुंगा, गिट्टी, वालुवा उत्खनन् तथा बिक्री | ६/MUN /२०७७।०७८ | सावित्री निर्माण सेवा पोखरा ८ कास्की | ७१,९०,०००। | आय ठेक्का |
| ४. | Hard top jeep 4WD.HRD Ambulance खरिद | १५/health /२०७७।०७८ | सिप्रदी ट्रेडिङ प्रा.लि. नैकाप काठमाण्डौ | १२,९५,०००। | भ्याट नलाग्ने (क्याटलग सपिङ विधि) |
| ५. | बुल्दी खोला कजवेदेखि अमरापुरीसम्म आर.सि.सि. रोड निर्माण | ७/MUN /२०७७।०७८ | लक्ष्मी निर्माण सेवा व्यास २ दमौली तनहुँ | ९,४४,७५८। | दरभाउपत्र |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ अर्न्तगत सिन्धुमार्गको कन्टार पतेनी खण्ड कालोपत्रे योजनाको लागि रु.२०,००,०००। विनियोजन भएकोमा सोही रकमबाट खर्च हुने गरी सिन्धु मार्ग साँगेखोला झोलुङ्गे पुल साइटमा पहिरो नियन्त्रणको लागि ग्याविन लगाउने र पक्की नाला निर्माण गर्ने गरी प्राविधिक लागत अनुमान रु.१५,५७,०००। स्वीकृत गरी उक्त स्थानमा लागत सहभागिता जुट्न नसक्ने हुँदा ल.ई. बमोजिमको काम लागत/जनश्रमदान बेहोर्न नपर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बहुउद्देश्यीय भवनको भूंइतलाको करिब २३०० वर्गफिट क्षेत्रफल बराबरका पसल कवलहरु मुक्तीनाथ विकास बैंकलाई भाडामा दिने गरी निर्णय भएकोमा हाल सो स्थानका पसल कवल भाडामा लिई व्यवसाय गर्ने केही व्यवसायीहरुलाई अन्य पसल कवलमा स्थानान्तरण गर्न केही ढिलाई भएको कारण बैंकसँग पूर्व निर्धारित समयमा सम्झौता गर्न नसकिएको र सम्बन्धित बैंकबाट आन्तरिक सजावट लगायतको व्यवस्थापनका लागि एक महिनाको ग्रेस पिरियड माग गरी आवेदन पेश गरेकोमा २०७७ पौष १५ गतेसम्मलाई ग्रेस पिरियड मान्य हुने गरी २०७७ पौष १६ गतेबाट तोकिएको भाडा लिने गरी सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ चापाघाट स्थित भवन संस्कृतन समूहको भवनमा रिटेनिङवाल निर्माण कार्यको लागि रु.६,००,०००। स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस अघि नगर कार्यपालिकाबाट निर्णय भएको वडा नं.११ को भोटे पानी फराकचौर खानेपानी मोटर खरिद योजनालाई योजना परिवर्तन गरी भोटेपानी फराकचौर खानेपानीको पुरानो मोटर मर्मत र अन्य मर्मत योजना परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा यसै आर्थिक वर्षका क्रमागत योजनाहरु अन्तर्गत सि.नं.. ४८ को वडा नं.९ को वडा कार्यालय भवन निर्माणको विनियोजित रकम रु.४०,००,०००। (चालिस लाख) मध्ये टेण्डर सम्झौता भई बाँकी रु.११,००,०००। (एघार लाख) यस वर्षको योजना (संकेत नं.११३) को माथिल्लो भतेरी प्रदर्शनी मार्ग कालोपत्रलाई विनियोजित रकम रु.५०,००,०००। (पचास लाख) टेण्डर सम्झौता भई बाँकी मध्ये १४,००,०००। (चौध लाख) समेत जम्मा रु.२५,००,०००। मध्ये रु.१०,००,०००। (दश लाख) नारेश्वर ताल योजना जग्गा खरिदमा यस वर्षको संकेत नं.१०९ मा विनियोजित रकममा थप गर्ने र बाँकी रु.१५,००,०००। पन्ध्र लाख यस वर्षको पूँजीगत विविध योजना संकेत नं. १२७ मा थप गरी रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास १० स्थित नारेश्वर ताल निर्माण हुने क्षेत्रको प्रारम्भिक वातावरणीय अध्ययन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ का वडाध्यक्ष श्री सतिशचन्द्र न्यौपानेज्यूको ममतामयी माता श्री हरिकुमारी न्यौपानेको निधन भएकोमा वहाँको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो ।